# आकर्षक पर्यटकीय गन्तव्य बन्दै च्यांग्रे क्षेत्र

**भोजपुर / रासस**

भोजपुरको पौवादुङमा गाउँपालिकामा रहेको च्यांग्रे पोखरी पर्यटकको आकर्षक गन्तव्य बनेको छ। पोखरीको संरक्षणसँगै यहाँ पानीबोट सञ्चालनपछि यो क्षेत्र पर्यटनको रोजाइँमा परेको हो।

पर्यटकीय, धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको यस क्षेत्रलाई गाउँपालिकाले संरक्षणसँगै पर्यटकलाई लक्षित गरेर आवश्यक पूर्वाधार निर्माण गरेपछि यहाँ आन्तरिक पर्यटकको संख्या बढेको छ। पर्यटकलाई लक्षित गरेर यहाँ दुईवटा साना पानीबोटसमेत सञ्चालनमा ल्याइएपछि पर्यटकको आवागमन झनै बढेको हो।

पर्यटकलाई लक्षित गरेर 'पञ्चकन्या स्मृति उद्यान (पार्क) निर्माण गरिएको छ भने आउने पर्यटकका लागि अन्य संरचनासमेत निर्माण भएका छन्। च्यांग्रे पोखरीको संरक्षणसँगै यहाँ घुम्न आउने आन्तरिक पर्यटक बढेको गाउँपालिकाले जनाएको छ। यो क्षेत्रलाई दिगो पर्यटन पूर्वाधारका रूपमा विकास गरिरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताउनुभयो।



उद्यानलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न वृक्षरोपण, फलैँचा, विश्रामस्थल निर्माण लगायतका पूर्वाधार विकासका कामहरू निरन्तर रूपमा अगाडि बढाइरहेको छ। स्थानीय तहले पोखरी तथा उद्यानलाई आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनसँगै शैक्षिक अवलोकन स्थलका रूपमा पनि विकास गर्ने योजना बनाएको छ। पोखरी नजिकै रहेको पञ्चकन्या मन्दिर पुनर्निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाइएको छ।

पोखरीको प्राकृतिक सुन्दरताको दृश्यावलोकन गर्न आन्तरिक पर्यटकहरू आउने गरेको स्थानीयवासी सावित्रा फुँयालले बताउनुभयो। परापूर्वकालमा यहाँ च्यांग्रा आएर पोखरीको पानी खाने र दिनभर आराम गर्ने भएकाले 'च्यांग्रे पोखरी' नामाकरण गरिएको स्थानीयवासीको कथन छ। परापूर्वकालदेखि नै पोखरीको पानी जुनसुकै खडेरीमा पनि नसुक्ने स्थानीयवासीको भनाइ छ।

यही पोखरीको नामबाट यहाँ च्यांग्रे बजारसमेत लाग्ने गरेको छ। विश्राम गर्न घुम्न डुल्न, तस्वीर लिन र दृश्यावलोकनको भरपुर आनन्द लिन आन्तरिक पर्यटक यहाँ आउने गरेको स्थानीयवासी राम पुलामी मगरले बताउनुभयो। यसको संरक्षणपछि यहाँको पर्यटनमा टेवा पुगेको उहाँको भनाइ छ।

विभिन्न पूजाआजामा पोखरीकै छेउको पञ्चकन्या मन्दिरमा भक्तजनको जमघट हुने स्थानीयवासीको भनाइ छ। ऐतिहासिक र धार्मिक महत्त्व बोकेको यो स्थानको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्नसके आर्थिक रूपमा समेत टेवा पुग्ने स्थानीयवासीहरूको विश्वास छ।


## Sarumarani Rural Municipality
## Office of Rural Municipal Executive

Baddanda, Pyuthan
Lumbini Province, Nepal

**Invitation for Electronic Bids**

***Date of Second Publication: 2082/11/26***

1. The Office of Sarumarani Rural Municipal Executive, Baddanda Pyuthan invites electronic bids from Nepalese eligible bidders for works as mentioned below under SQ Bidding Procedure.

| Contract No. | Description of Works | Bid Document Fee (Nrs.) | Bid Securities (Nrs.) | Estimated Price (With VAT & PS.) |
|---|---|---|---|---|
| SRM/SQ/Works-12/082/83 | Construction of Ratne Rangbhang Jaspur Siddhalekh Motorbato ward.5 (Second Phase) | 1,000.00 | 50,000.00 | 18,98,440.88 |
| SRM/SQ/Works-13/082/83 | Dhandra Sinchai Yojana sarumarani-1 | 1,000.00 | 25,000.00 | 9,99,771.78 |

2. Eligible Bidders can get further information regarding Bid Document at the Office of Sarumarani Rural Municipal Executive, Baddanda, Pyuthan during office hours, Office website **https://sarumaranimun.gov.np**. Contact No.9857035752 and inspect the bidding document at PPMO website **www.bolpatra.gov.np/egp.**

***Chief Administrative Officer***



## बागमती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री शुल्क उठाउने ठेक्का वन्दोवस्त सम्बन्धी बोलपत्र आह्वानको सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८२/११/२६ (**10th March, 2026**)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट **IEE** प्रतिवेदन अनुसार नदीजन्य पदार्थ उत्खनन् गरी बागमती प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८२ को दफा ९ ले निर्दिष्ट गरेको अनुसूची-५ बमोजिम तोकिएको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र, अयोग्य नभएको भनि स्वःघोषणा, **Power of Attorney** लगायतका आवश्यक कागजातहरु संलग्न गरी तपशिल अनुसारका शर्तहरुको अधीनमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| सि. नं. | बोलपत्रको नाम | बोलपत्र नं. | उत्खनन् परिमाण (घ.मि.) | न्यूनतम वोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) रू. | धरौटी रकम (रू.) | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|
| १. | Extraction and collection of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Bhaise-01. | BRM/NCB/SRBM/IR/BHAISE/001/2082/083 | ३३६००.०० | ८२९९५३६।०० | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| २. | Extraction and collection of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Bhaise-02. | BRM/NCB/SRBM/IR/BHAISE/002/2082/083 | २६९५०.०० | ६६५६९१९।५० | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| ३. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Chande-03. | BRM/NCB/SRBM/IR/CHANDE/003/2082/083 | ३८६८८.०० | ९५५६३२२।८८ | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| ४. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Chande-04. | BRM/NCB/SRBM/IR/CHANDE/004/2082/083 | २८०४४.०० | ६९२७१४८।४४ | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| ५. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Jokhne-05. | BRM/NCB/SRBM/IR/JOKHNE/005/2082/083 | १८२५०.०० | ४५०७९३२।५० | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| ६. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Jokhne-06. | BRM/NCB/SRBM/IR/JOKHNE/006/2082/083 | २९९२५.०० | ७३९१७७४।२५ | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| ७. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Lamkana-07. | BRM/NCB/SRBM/IR/LAMKANA/007/2082/083 | १०३५०.०० | २५५६५५३।५० | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| ८. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Lamkana-08 | BRM/NCB/SRBM/IR/LAMKANA/008/2082/083 | ४२२५०.०० | १०४३६१७२।५० | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| ९. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Lamkana-09. | BRM/NCB/SRBM/IR/LAMKANA/009/2082/083 | २४८४०.०० | ६१३५७२८।४० | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| १०. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Chiruwa-10. | BRM/NCB/SRBM/IR/CHIRUWA/010/2082/083 | १७४७०.०० | ४३१५२६४।७० | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| ११. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Chiruwa-11. | BRM/NCB/SRBM/IR/CHIRUWA/011/2082/083 | २१९००.०० | ५४०९५१९।०० | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| १२. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Mansai-12. | BRM/NCB/SRBM/IR/MANSAI/012/2082/083 | ३१७८०.०० | ७८४९९७७।८० | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| १३. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Mansai-13. | BRM/NCB/SRBM/IR/MANSAI/013/2082/083 | २६१३६.०० | ६४५५८५३।३६ | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| १४. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Dhansai-14. | BRM/NCB/SRBM/IR/DHANSAI/014/2082/083 | २६६२०.०० | ६५७५४०६।२० | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |
| १५. | Extraction, Collection, Sale and Distribution of river bed material (sand, stone, aggregate) from different location of Bagmati Rural Municipality, Dhansai-15. | BRM/NCB/SRBM/IR/DHANSAI/015/2082/083 | १२२६०.०० | ३०२८३४२।६० | भ्याट बाहेक कबोल अङ्कको ५% | ३,०००।०० |

पुनश्चः वोलपत्र सम्बन्धी शर्तहरु एवं थप विस्तृत जानकारीका लागि **www.bolpatra.gov.np** बाट डाउनलोड गरी जानकारी लिन सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


# साइनबोर्डका अक्षर कोर्ने हात अब संसद्मा कानुन लेख्ने जिम्मेवारीमा

**श्याम घिमिरे / हिटा**

अर्घाखाँची, २४ फागुन



अर्घाखाँचीबाट प्रतिनिधिसभा सदस्यमा भारी मतसहित निर्वाचित हुनुभएका हरिप्रसाद भुसालको जीवन यात्रा निकै प्रेरणादायी कथा बनेको छ। करिब दुई दशकसम्म पत्रकारितासँगै आर्टिस्टका रूपमा साइनबोर्डमा अक्षर कोर्दै आफ्नो मेहनत, संघर्ष र पसिनाले जीवन अघि बढाउनुभएका भुसाल अहिले जनताको विश्वास र समर्थनका साथ देशको सर्वोच्च विधायिकी थलो संसद्सम्म पुग्न सफल हुनुभएको छ।

साधारण श्रम र सिर्जनाबाट सुरु भएको उहाँको जीवन यात्रा आज नयाँ उचाइमा पुगेको छ। कहिले बजारका पसल र सडक छेउका साइनबोर्डमा अक्षर कोर्ने हात अब देशको भविष्यसँग जोडिएका कानुनका अक्षर कोर्ने जिम्मेवारीमा पुगेका छन्। यही परिवर्तनले उहाँको यात्रालाई अझ प्रेरणादायी बनाएको छ।

पत्रकारिता र कला दुवै क्षेत्रसँग नजिकबाट जोडिएर समाजका कुरा बुझ्दै आउनुभएका भुसाल पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीमार्फत सक्रिय राजनीतिमा लाग्नुभएको थियो। गाउँ-गाउँ पुगेर संगठन निर्माण गर्ने, युवालाई जोड्ने र परिवर्तनको आवाज उठाउने क्रममा उहाँले जिल्लामा पार्टीको संगठन विस्तारमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो।

जिल्लाको भूमिकास्थान नगरपालिका-३ धारापानीमा आमा निमकला भुसाल र बुवा दोलप्रसाद भुसालको कोखबाट २०४५ साल कात्तिक २४ गते जन्मनुभएका भुसाल सानैदेखि मेहनती र सिर्जनशील स्वभावका व्यक्ति भएको स्थानीयहरूको भनाइ छ। उहाँले कक्षा १ देखि एसएलसीसम्मको अध्ययन स्थानीय शान्ति माध्यमिक विद्यालयमा गर्नुभएको हो। २०६० सालमा सोही विद्यालयबाट एसएलसी उत्तीर्ण गर्नुभएका भुसाल हाल पाणिनी बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययनरत रहनुभएको छ। पत्रकारितामा पनि उहाँको सक्रियता उल्लेखनीय छ। भुसाल सन्धिखर्कमा रहेका नयाँ एफएमका सञ्चालकसँगै स्वतन्त्र पत्रकार संघ अर्घाखाँचीका पूर्वजिल्ला अध्यक्ष भइसक्नु भएको छ। त्यस्तै, लाइन्स क्लब अर्घाखाँचीका संस्थापक अध्यक्ष तथा अर्घाखाँची चेम्बर अफ कमर्सका महासचिवको जिम्मेवारीसमेत सम्हालिसक्नु भएको छ। भुसालको राजनीतिक यात्राको सुरुवात भने चुनौतीपूर्ण थियो। २०७३ सालमा विवेकशील पार्टीको तर्फबाट प्रदेश सांसदको उम्मेदवार बने पनि उहाँले पराजय भोग्नुभयो। २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेर ३२ सय मत प्राप्त गर्नुभएको थियो। तर, निरन्तर संघर्ष र जनतासँगको सम्बन्धलाई कायम राख्दै अघि बढेका भुसाल यसपटक भने जनताको व्यापक समर्थनसहित विजयी हुन सफल हुनुभएको छ।

साइनबोर्डका अक्षरबाट सुरु भएको उहाँको यात्रा आज संसद्का कानुनका अक्षरसम्म पुगेको छ, जुन अर्घाखाँचीवासीका लागि मात्र होइन, मेहनत र इमानदारीमा विश्वास गर्ने सबैका लागि गर्व र प्रेरणाको विषय बनेको छ। स्पष्ट, निर्भीक र यथार्थ कुरा बोल्ने स्वभावका कारण उहाँ पछिल्लो समय विशेषगरी युवा पुस्तामाझ लोकप्रिय बन्नुभएको छ। संघर्ष, सिर्जना र प्रतिबद्धताको यात्राबाट संसद्सम्म पुगेका भुसालको कथा आज धेरै युवाका लागि आशा र प्रेरणाको उज्यालो उदाहरणसमेत बनेको छ। भुसालले एमालेका उमेदवार पीताम्बर भुसाललाई १२ हजार ३७४ मतले पराजित गर्दै निर्वाचित हुनुभएको हो। उहाँले ३५ हजार २३ मत प्राप्त गर्दा पीताम्बर भुसालले २२ हजार ६४९ मत प्राप्त गर्नुभएको हो। यस्तै, कांग्रेसका विष्णुप्रसाद खनाल मुस्कानले १८ हजार ९८३ मत प्राप्त गर्नुभएको छ।

एक मात्र निर्वाचन क्षेत्र रहेको जिल्लामा कुल एक लाख ७१ हजार १७६ मतदाता रहेका थिए। तीमध्ये ८६ हजार ३०६ मत खसेका थिए। खसेका मतमध्ये ८३ हजार ३०६ मत सदर भएका छन् भने तीन हजार २२० मत बदर भएको मुख्य निर्वाचन अधिकृत शिवलाल पाण्डेले बताउनुभयो। जिल्लामा १२ राजनीतिक दल र तीन स्वतन्त्र उम्मेदवार गरी १५ जना चुनावी मैदानमा थिए।

### जनताको चाहनाअनुसार काम गर्छु : भुसाल

अर्घाखाँचीबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हरिप्रसाद भुसालले आफ्नो पहिलो सम्बोधनमार्फत जनताको चाहना र भावनाअनुरूप काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले निर्वाचनमा प्राप्त विजयलाई अर्घाखाँचीवासीको विश्वास र आशाको जित भएको बताउँदै जनताको आवाज संसद्सम्म पुऱ्याउने र जनताको हितमा काम गर्ने बताउनुभयो। भुसालले आफूलाई मत दिने सम्पूर्ण मतदाता, समर्थक र शुभेच्छुकप्रति धन्यवाद व्यक्त गर्दै जनताको विश्वासलाई कहिल्यै कमजोर हुन नदिने उल्लेख गर्नुभयो।

# सप्तरीमा पूर्व–मुख्यमन्त्रीदेखि ९० जना उम्मेदवारको जमानत जफत

**अनिल पोखरेल / हिटा**

सप्तरी, २५ फागुन

प्रतिनिधिसभा सदस्य पदका लागि प्रतिस्पर्धा गर्नुभएका मधेसका पूर्वमुख्यमन्त्री सतिश सिंह, नेपाली कांग्रेसका जिल्ला अध्यक्ष रामदेव साह र नेकपा एमालेका जिल्ला अध्यक्ष ताराकान्त चौधरीसहित ९० जना उम्मेदवारको जमानत जफत भएको छ।

पूर्वमुख्यमन्त्री सिंह २०७९ देखि सप्तरी-२ (क) बाट प्रदेशसभा सदस्य हुनुहुन्थ्यो। उहाँले २०७४-२०७९ सम्म तिलाठी कोइलाडी गाउँपालिकाको अध्यक्षको रूपमा सेवा गर्नुभएको थियो। स्थानीय तह निर्वाचन २०७९ मा नेपाली कांग्रेसका अरुणकुमार मण्डलसँग पराजित हुनुभएका सिंहले हालै जनमत पार्टी परित्याग गरी आफ्नै दाजु सत्यवान कुमार सिंहको नेतृत्वमा स्वाभिमान पार्टी दर्ता गराउनुभएको थियो।

जिल्लामा तीन प्रमुख पार्टीका अध्यक्षसहित कुल १२२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए। प्रतिनिधिसभा निर्वाचन निर्देशिका २०८२ अनुसार, सदर मतको कम्तीमा १० प्रतिशत प्राप्त गर्न नसक्ने उम्मेदवारको जमानत जफत हुने प्रावधानअनुसार १२ जनाबाहेक अन्य सबै उम्मेदवारले जमानत गुमाएका छन्।

सप्तरी क्षेत्र नं. १ मा कञ्चनरूप, सप्तकोसी, हनुमाननगर कंकालिनी, अग्निसाइर कृष्णासवरन र तिरहुत गाउँपालिका पर्दछन्। २१ जनाले चुनावी प्रतिस्पर्धा गरेका थिए। ७१ हजार ३२४ मतमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीकी पुष्पा चौधरीले ३८ हजार १९५ मत ल्याएर विजयी हुनुभएको थियो। यस क्षेत्रका अन्य उम्मेदवार नेकपा एमाले प्याकुरेलः ७,६५२ मत, स्वाभिमान पार्टीका सुमित साहः ७,८४७ मत (जमानत जोगाउन सफल), बाँकी १८ जनाको जमानत जफत भएको छ। जमानत जफत हुने उम्मेदवारहरूमा नेपाली कांग्रेसका रामदेव साह, जनमत पार्टीका जयकान्त राउत, नेकपा, जसपा, उज्यालो नेपाल पार्टी, राप्रपा, नेपाल जनता पार्टी, नेपाल जनता संरक्षण पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय एकता दलका नेताहरू र पाँच जना स्वतन्त्र उम्मेदवार समावेश छन्।

क्षेत्र नं. २ मा पूर्वमुख्यमन्त्री सतिश सिंहसहित ३१ जनाको जमानत जफत भयो। राष्ट्रिय स्वतन्त्र पार्टीका रामजी यादव २८ हजार ४०४ मतसहित विजयी हुनुभएको थियो। अन्य शीर्ष स्थानमा जनता समाजवादी पार्टीका उमेशकुमार यादवले १४,२६३ मत र जनमत पार्टीका चन्द्रकान्त राउतले ८,९८० मत पाउनुभयो। जमानत जफत हुने ३१ जनामा सतिशकुमार सिंह (स्वाभिमान पार्टी), रामकुमार यादव (नेपाली कांग्रेस), अफरोज आलम (राष्ट्र निर्माण दल नेपाल), मोहम्मद जियाउल रहमान (एमाले) लगायत १४ जना स्वतन्त्र उम्मेदवार रहेका छन्। क्षेत्र नं. ३ मा स्वतन्त्र उम्मेदवार अमरकान्त चौधरी ३२ हजार ८७५ मतसहित विजयी हुनुभयो। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव दोस्रो स्थानमा (१५,२३९ मत)। नेपाली कांग्रेसका दिनेशकुमार यादव र एमालेका ताराकान्त चौधरीको जमानत जफत भएको छ। क्षेत्र नं. ४ मा राष्ट्रिय स्वतन्त्र पार्टीका सीताराम साह ३६ हजार ४१२ मतसहित विजयी हुनुभयो। जमानत जफत हुने २२ जनामा नेपाली कम्युनिष्ट पार्टीकी रुवीकुमारी कर्ण, एमालेका गंगाप्रसाद चौधरी, जनमत पार्टीका जितेन्द्रकुमार साह र १० जना स्वतन्त्र उम्मेदवार समावेश छन्। यस प्रकार सप्तरीमा ठूलो संख्यामा उम्मेदवारले जमानत गुमाएपछि राजनीतिक प्रतिस्पर्धा निकै कठिन भएको छ।


**याक गारमेन्ट्स उद्योग स्थापनाका लागि प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मिति २०८२।११।२६)**

बागमती प्रदेश काठमाण्डौ जिल्ला, बुढानीलकण्ठ नगरपालिका वडा नं ११, कपन हाईट बुढानीलकण्ठमा याक गारमेन्ट्स उद्योग प्रा.ली. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **प्रस्तावकको नामः** याक गारमेन्ट्स उद्योग प्रा.ली.<br>**ठेगाना** : बुढानीलकण्ठ-११, कपन हाईट<br>**फोन नं** : ९८५१०६७५५२<br>**ई मेल** : yakgarmentsnepal@gmail.com |
| **प्रस्तावको व्यहोरा** | यस उद्योगमा ज्याकेट, थर्मल वेयर, ट्रेकिङ पोशाक, टेन्ट, स्लीपिङ ब्याग, डफल तथा फ्यानी ब्याग जस्ता आउटडोर सामग्री उत्पादन गर्ने छ। उत्पादनका लागि कटन, पोलिस्टर, नायलन, थर्मल/वाटरप्रूफ कपडा, जिपर आदि कच्चा पदार्थ प्रयोग गरिने छ। |
| **प्रभाव पर्न सक्ने जिल्ला / न.पा. / गा.पा.** | काठमाण्डौ जिल्ला, बुढानीलकण्ठ नगरपालिका |

माथी उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले साद (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रतावकको नाम र ठेगाना** | **प्रस्तावकको नामः** याक गारमेन्ट्स उद्योग प्रा.ली.<br>**ठेगाना** : बुढानीलकण्ठ - ११, कपन हाईट<br>**फोन नं** : ९८५१०६७५५२<br>**ई मेल** : yakgarmentsnepal@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | भूमी इन्जिनियरिङ्ग कन्सोर्टिएम, नख्खु दोबाटो, ललितपुर<br>**फोन नं** : ९८४१०७८५७५<br>**ई मेल** : vumi.consortium@gmail.com |